# जनकपुरधाम :
## नेपाल-भारत सांस्कृतिक कनेक्टिभिटीको सेतु



## सेसिफ बोर्डर श्रृंखला ४

रणधीर चौधरी

CESIF
Centre for Social Innovation and Foreign Policy

सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

# जनकपुरधाम :
## नेपाल-भारत सांस्कृतिक कनेक्टिभिटीको सेतु

प्रकाशन वर्ष २०८१ (सन् २०२४)

प्रकाशक-
**सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)**
कुमारीपाटी, ललितपुर
फोन: ०१ - ५४०८८०५ / ५४०८८१४
इमेल : info@cesifnepal.org
www.cesifnepal.org

सेसिफ बोर्डर श्रृंखला - ४
सार्वाधिकार © सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ)

*यो रिपोर्ट सेन्टर फर सोसल इनोभेसन एण्ड फोरेन पोलिसी (सेसिफ) द्वारा संचालित सीमावर्ती जिल्लाका पत्रकार लक्षित फेलोशिप कार्यक्रम अन्तर्गत तयार पारिएको हो ।*

# जनकपुरधाम : नेपाल-भारत सांस्कृतिक कनेक्टिभिटीको सेतु

> *जनकपुरधामको आर्थिक प्रगति अपेक्षाकृत न्यून रहेको देखिन्छ । वर्तमान अवस्थामा जनकपुरधामलाई धार्मिक पर्यटकीयस्थलको रुपमा प्रचारप्रसार गरिए पनि यसको समुचित व्यवस्थापन, तत्कालीन, मध्यकालीन र दीर्घकालीन परिकल्पना सहितको योजनावद्धरूपमा विकासका लागि स्पष्ट खाका र सोको कार्यान्वयनका लागि नेतृत्व नपाउँदा जनकपुरधाम विकासोन्मुख प्रगतितर्फ अघि बढ्न सकिरहेको छैन ।*

जनकपुरधाममा रहेको विवाहमण्डप वा जानकी मन्दिर राजा जनककी दुलारी पुत्री सीता र रामको विवाहको स्थल मानिन्छ । हरेक वर्ष विवाह पञ्चमी भव्यताका साथ मनाईन्छ, जसमा सीता र रामको विवाहको सम्पूर्ण विधिहरूसँगै चारजना युगल जोडी अर्थात राम, भरत, सत्रुधन र लक्ष्मणको प्रतिकस्वरूप विवाह पनि गराईन्छ ।

प्राचीनकालदेखि नै जनकपुरधाम ऐतिहासिक धार्मिक, सांस्कृतिक र ऋषिमुनिहरूको विचार मन्थन गर्ने स्थलको रूपमा महत्वपूर्ण क्षेत्र रही आएको छ । जनकपुरधाममा सीतासँग जोडिएका विभिन्न पौराणिक किस्साहरू छन् । राजा जनकको दरबारको रूपमा रहेको स्थल मन्दिरमा परिणत भएसँगै जानकी मन्दिरमा सीतारामको प्रतिमा छ । सीताको आफ्नो छुट्टै पहिचानका कारण जनकपुरधामस्थित जानकी मन्दिर विश्वव्यापीरूपमा प्रसिद्ध धार्मिक केन्द्र रहेको छ ।

राजा जनक, सीता र रामसँग जोडिएका सीताराम विवाहस्थल, विभिन्न धार्मिक पौराणिक स्थल, ऐतिहासिक धार्मिक सांस्कृतिक महत्वका तालतलैया लगायतका कारण जनकपुरधाम प्रसिद्ध छ ।

तथापि जनकपुरधामको आर्थिक प्रगति अपेक्षाकृत न्यून रहेको देखिन्छ । वर्तमान अवस्थामा जनकपुरधामलाई धार्मिक पर्यटकीयस्थलको रूपमा प्रचारप्रसार गरिए पनि यसको समुचित व्यवस्थापन, तत्कालीन, मध्यकालीन र दीर्घकालीन परिकल्पना सहितको योजनावद्धरूपमा विकासका लागि स्पष्ट खाका र सोको कार्यान्वयनका लागि नेतृत्व नपाउँदा जनकपुरधाम विकासोन्मुख प्रगतितर्फ अघि बढ्न सकिरहेको छैन ।

जनकपुरधाममा नेपाल-भारतसँग जोडिएका सीता-राम अर्थात जनकपुरधाम-अयोध्यासँग जोडिएका रामायण सर्किट अन्तर्गतका कामका लागि विभिन्न पटक औपचारिक कार्यक्रमहरू भए पनि ठोस प्रगति भएको छैन । जनकपुरधाम धार्मिक पहिचान र सांस्कृतिक सबालमा निकै धनी रहे पनि आर्थिकरूपमा कमजोर हुँदा जनकपुरधामको अपेक्षाकृत विकास हुन नसकेको मधेश प्रदेश नीति आयोगका पूर्व उपाध्यक्ष डा. भोगेन्द्र झा बताउँछन्[१] ।

डा. झाका अनुसार यहाँको 'नेतृत्वमा हुनुपर्ने क्षमता, दुरदृष्टिको कमी र स्वार्थमा लिप्त हुँदा जनकपुरधाम हरेक दृष्टिकोणले विकास हुन सकेको छैन । नेतृत्वमा जनकपुरधामको महत्व, यहाँको पहिचान, गरिमा, संस्कृति, भाषा, मठमन्दिर लागायतका सम्पदाको संरक्षण, संवर्द्धन र धार्मिक पर्यटनीय नगरीको रूपमा व्यवस्थित विकासका लागि इच्छाशक्ति हुनु पर्ने उनको भनाई छ ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक र यहाँको परम्परागत पहिचानसंग जोडिएका केही पोखरीहरू लोप भइसकेको छन् भने कतिपय लोप हुने संघारमा छन् । जनकपुरधाम नगरीमा रहेको अमृत कुण्ड, जनक सरोवर, बलदेव सर, गोपाल सर, धोवीयाही पोखरी, पापमोचनी सर, पयश्विनी सर जस्ता धार्मिक महत्वका दर्जनौँ पोखरीहरूले आफ्नो अस्तित्व गुमाइसकेका छन् ।

१ *https://english.ratopati.com/story/10570*

**नेपाल-भारत सम्बन्धमा जनकपुरधामको सांस्कृतिक महत्व**

*"मिथिला क्षेत्रको सांस्कृतिक केन्द्र जनकपुरधाम हो । मिथिला चित्रकला, लोकगीत, लोकनृत्य, र विविध सांस्कृतिक परम्पराहरू दुवै देशमा समान रूपमा मनाईने गरिन्छ । जनकपुरधाममा विभिन्न धार्मिक महोत्सवहरू, छठ, रामनवमी, जानकी नवमी र विवाह पञ्चमी भव्यताकासाथ धुमधामले मनाईन्छन् । यस महोत्सवहरूमा भारतबाट ठूलो संख्यामा श्रद्धालु भक्तजनहरूको सहभागिता हुने भएकाले धार्मिक पर्यटनले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ समेत गरेको छ ।"*

नेपाल-भारत सम्बन्धमा जनकपुरधामको धार्मिक सांस्कृतिक तवरमा अत्यन्तै महत्वपूर्ण भूमिका रहँदै आएको छ । हिन्दू धर्मावलम्बीहरूको मुख्य गन्तव्य स्थलको रूपमा रहेको जनकपुरधाम माता सीताको जन्मस्थान र भगवान् रामसँगको विवाह स्थल हो । भारतबाट लाखौँ तीर्थयात्रीहरू विशेष गरी विवाह पञ्चमीमा जनकपुरधाम आउने गर्दछन् । यो धार्मिक र सांस्कृतिक सम्बन्ध झनै प्रगाढ बन्दै गएको छ । दुई देशबीचको मानवेत्तर सम्बन्धको रूपमा समेत विवाहपञ्चमीलाई लिने गरिन्छ । धार्मिक, सांस्कृतिक, सामाजिकरूपमा समेत दुवै देश बीचका जनताबीच प्राकृतिक सम्बन्ध रहँदै आएको छ ।

मिथिला क्षेत्रको सांस्कृतिक केन्द्र जनकपुरधाम हो । मिथिला चित्रकला, लोकगीत, लोकनृत्य, र विविध सांस्कृतिक परम्पराहरू दुवै देशमा समान रूपमा मनाईने गरिन्छ । जनकपुरधाममा विभिन्न धार्मिक महोत्सवहरू, छठ, रामनवमी, जानकी नवमी र विवाह पञ्चमी भव्यताकासाथ धुमधामले मनाईन्छन् । यस महोत्सवहरूमा भारतबाट ठूलो संख्यामा श्रद्धालु भक्तजनहरूको सहभागिता हुने भएकाले धार्मिक पर्यटनले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ समेत गरेको छ ।

मिथिला क्षेत्रको साहित्यिक इतिहासले पनि नेपाल र भारतबीच सांस्कृतिक सम्बन्ध रहँदै आएको छ । मैथिली भाषामा लेखिएका प्राचीन ग्रन्थहरू तथा साहित्यिक कृतिहरूले साझा सांस्कृतिक सम्पदाको विकासमा समेत योगदान पुऱ्याउने गरेको छ ।

यस क्षेत्रको सांस्कृतिक अध्ययन तथा अनुसन्धानमा नेपाल र भारतका शैक्षिक संस्थानहरूबीचको सहकार्य पनि विगतकालदेखि नै हुँदै आएको छ ।

जनकपुरधामको सांस्कृतिक महत्वले नेपाल-भारतबीचको धार्मिक, सांस्कृतिक, र सामाजिक सम्बन्धमा समेत निकै महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

**धनुषावासीको भारतसँग औपचारिक र अनौपचारिक सामाजिक र सांस्कृतिक सम्बन्ध**

*"मुलुकमा विद्यमानरूपमा राष्ट्रवाद, सीमा छेकवार, नागरिकताको बहस, भारतीय छोरी दुलही बनेर आए पछि सात वर्षपछि नागरिकता दिइने कानूनी प्रावधानको चर्चाले गर्दा भारतबाट छोरी चेली आउने र नेपालबाट छोरी चेली लैजाने क्रम घटेको छ ।"*

धनुषा जिल्लामा भारतसँग खुला सीमानाका रहेको छ । यस भेगका वासिन्दाहरूको भारतसँग औपचारिक र अनौपचारिक सामाजिक तथा सांस्कृतिक सम्बन्ध प्राचीनकालदेखि नै घनिष्ट छ ।

दुवै देशका आमनागरिकहरूको आवतजावत र व्यापारिक गतिविधि सरल र नियमित रूपमा हुँदै आएको छ । भारततर्फका मानिसहरू धार्मिक यात्रा, घुमफिर, मनोरञ्जनका लागि र रोजगारीको खोजीमासमेत आउने गरेका छन् । र यहाँका मानिसहरू खाद्यान्न सामग्री, लत्ताकपडा, भोजभतेरका खाद्यान्न सामग्री खरिद र कामकाजको खोजीमा भारत जाने गर्छन् ।

उदाहरणका लागि धनुषाको कुनै पनि गाउँठाउँमा

विवाह वा मृत्यु भोजका लागि भारतको सीमावर्ती सहर जयनगर, हरिने, हरिलाखी, पिपरौन, उमगावँ, बासोपट्टी लगायतका स्थलमा खाद्यान्न सामग्रीदेखि लत्ताकपडाका सामग्रीहरू धनुषाभन्दा तीन गुणा सस्तो दरमा पाइने भएकाले पारीबाटै ल्याउने गर्छन् ।

जानकी मन्दिरको धार्मिक महत्वका कारण भारतबाट ठूलो संख्यामा तीर्थालुहरू जनकपुरधाम भ्रमण गर्न आउने गर्दछन् । धार्मिक पर्यटनको प्रवर्द्धनका लागि दुवै देशका सरकारले सहकार्य गर्ने गर्दछन् । जानकी मन्दिरका छोटे महन्त रामरोशन दासका अनुसार मन्दिरमा प्रति दिन करिब पाँचदेखि सात हजारको संख्यामा दर्शनार्थीहरू आउने गरेका छन् । छोटे महन्त दासले यहाँका र सीमापारीका अनुहार र स्थानीय भाषा एकै रहेकाले भारतीय वा नेपाली भनेर छुट्याउन अप्ठ्यारो रहेको बताए । करिब चार हजारको हाराहारीमा भारतीय तीर्थालु हुन सक्ने अनुमान उनले गरे ।

सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधाम आउँदा यहाँको धार्मिक स्थलको विकास निर्माणका लागि एक अर्ब भारतीय रूपैयाँ दिने वचन दिए[२] । भारतीय प्रधानमन्त्री मोदीको आगमनपछि भारतीय तिर्थालु तथा पर्यटकहरूको उल्लेख्य भिड दिनानुदिन बढिरहेको छोटे महन्त दासले बताए ।

भारतका सीमावर्ती क्षेत्रका जनताबीच वैवाहिक सम्बन्ध छ । करिब दुई दशक अघि सम्म नेपालमा बेहुलीको रूपमा भारतका छोरीहरू भित्रिने गरेका थिए । तर सो कुरामा अहिले कमी आएता पनि भूगोल, धर्म, जात, संस्कृति लगायतका हरेक चिज मिल्ने भएपछि नेपाल वा भारत भन्नेको कुनै अर्थ नहुँदो रहेछ भन्ने कुरा यसले प्रस्टयाउँछ ।

मुलुकमा विद्यमानरूपमा राष्ट्रवाद, सीमा छेकवार, नागरिकताको बहस, भारतीय छोरी दुलही बनेर आए पछि सात वर्षपछि नागरिकता दिइने कानूनी प्रावधानको चर्चाले गर्दा भारतबाट छोरी चेली आउने र नेपालबाट छोरी चेली लैजाने क्रम घटेको छ ।

नेपाल-भारत सीमानाकातर्फको मातृभाषा मैथिली हो । मैथिली भाषा र साहित्य दुवै देशमा प्रचलित छ । मैथिली साहित्य, लोकगीत, लोकनाच र मिथिला चित्रकलाको दुवै देशका आमनागरिकहरूबीच साझा सांस्कृतिक सम्पदाको विकासमा योगदान रहेको छ ।

परम्परागतरूपमा खुल्ला सीमानाका कारण दुई देशबीच खाद्यान्न सामग्रीलगायत सहजै आवागमन हुने गरे पनि केही वर्षदेखि सुरक्षाको नाममा खाद्यान्नलगायतका विभिन्न सामग्री ल्याउँदा तस्करीको नाममा नेपाली प्रहरीले सामग्री जफत गर्ने र बार्गेनिंग गर्ने गरेको आरोप सीमामा सशस्त्र प्रहरी र जनपथ प्रहरीमाथि लाग्दै आएको छ । नेपाल-भारत सीमानाकातर्फबाट रासनपानीका लागि एक हजार रूपैयाँसम्मको खाद्यान्न, लत्ताकपडा लगायतका सामग्री ल्याउँदा पनि प्रहरीले सामग्री नियन्त्रणमा लिने गरेकोप्रति सर्वसाधारणहरू खिन्नता व्यक्त गर्छन् । धानका लागि मल ल्याउँदा सस्तो पर्ने हुनाले सीमानाका हुँदै भारतबाट केही मात्रामा मल ल्याउँदा प्रहरीले नियन्त्रणमा लिने र विभिन्न किसिमबाट यातना दिने गरेको गुनासाहरू सामान्य हुनथालेको छ ।

त्यस्तै भारतको बिहार राज्यको मधुवनी जिल्ला बासोपट्टीका जयकान्त ठाकुरले जनकपुरधाममा होटेल व्यवसायी समेतको व्यवहार नमिठो भएको गुनासो गरे । होटेलमा काम गर्ने कामदारको रूखो व्यवहार र चर्को स्वरले गर्दा जनकपुरधाम आए पनि यहाँको होटेलहरूमा खाने र बस्ने वातावरण सहज नभएको उनले बताए ।

**धार्मिक सांस्कृतिक कनेक्टिभिटी : रामायण सर्किट**

जनकपुरधामलाई केन्द्रविन्दु बनाएर रामायण सर्किट परियोजना अनुरूप विभिन्न सभागोष्ठीहरू भएका छन्[३] ।

प्राचीनकालदेखि नै मिथिला महात्मय अन्तर्गतको मिथिला माध्यमिकी परिक्रमा[४] परम्परागतरूपमा प्रत्येक

२ *https://thewire.in/diplomacy/pm-modi-announces-rs-100-crore-package-to-develop-janakpur-in-nepal*
३ *https://thehimalayantimes.com/opinion/nepal-india-relations-ramayan-circuit*
४ *https://thehimalayantimes.com/nepal/ancient-mithila-circumambulation-march-begins*

> *त्यस्तै जनकपुरधामदेखि अयोध्यासम्म रेल्वे सेवा संचालनमा ल्याउने योजना रहेको छ । जस अनुसार धार्मिक अवसर हरूमा जनकपुरधामबाट अयोध्याधाम हुँदै दिल्लीसम्मका लागि रेल्वे सेवा संचालनमा ल्याउनलाई दुवै देशबीचका उच्चस्तरीय संयन्त्रले काम कारबाही प्रक्रिया अघि बढाएको छ ।*

वर्ष होली पर्व आउनु अघि हुने गर्दछ। मिथिला मध्यमा परिक्रमामा धनुषा, महोत्तरी र भारतको सीमावर्ती क्षेत्रका कलना, बिसौल, गिरिजास्थान लगायतका क्षेत्र हुँदै पुनः धनुषाको जनकपुरधाममा आई पञ्चकोशी परिक्रमा गरी समापनसँगै सोको अर्को दिन मिथिलामा होली मनाईने परम्परा रहेको छ । यस परिक्रमामा नेपाल–भारततर्फका सुरक्षानिकाय समेतले परिक्रमावासीलाई विशेष सुरक्षा तथा अस्थायी आवासको व्यवस्था दुवै पक्षका स्थानीय सरकारले गर्दै आएका छन् ।

जनकपुरधामको सीता र अयोध्याको रामको स्थललाई जोड्नका लागि धार्मिक सांस्कृतिक कनेक्टिभिटी अन्तर्गतका विभिन्न सम्भावित कार्यहरू अघिसमेत बढेको छ । दुई क्षेत्रबीचको धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्बन्धमा टेकेर विविधखाले योजना र पहलहरू अघि बढिरहेको छन् । यस अन्तर्गत जनकपुरधामदेखि अयोध्यासम्म बससेवा संचालनमा छ[५] । जनकपुरधामदेखि पटनासम्म पनि बस सेवा नियमित नरहे पनि संचालनमा छ। धनुषाको विभिन्न नाकामा पनि बस सेवा संचालनमा छ । धनुषाको जनकपुरधामबाट चल्ने बस सेवाहरू जटही, मुखियापट्टी मुसहरनीयाँ, भडरीया, लगमा, सबैला, यदुकुहा लगायतमा पनि चलिरहेको छ ।

त्यस्तै जनकपुरधामदेखि अयोध्यासम्म रेल्वे सेवा संचालनमा ल्याउने योजना रहेको छ । जस अनुसार धार्मिक अवसरहरूमा जनकपुरधामबाट अयोध्याधाम हुँदै दिल्लीसम्मका लागि रेल्वे सेवा संचालनमा ल्याउनलाई दुवै देशबीचका उच्चस्तरीय संयन्त्रले काम कारबाही प्रक्रिया अघि बढाएको छ ।

रेल्वे सेवा माध्यमबाट पनि धार्मिक यात्रा सम्भव रहेको र यसका लागि आन्तरिक गृहकार्य तथा दुई देशबीच कुराकानी भएकोले यसका लागि संघीय सरकार समक्ष पनि पहल गर्ने कार्य भइरहेको नेपाल रेल्वेका महाप्रबन्धक निरञ्जन झाले बताए ।

नेपाल-भारतबीचको सहकार्यमा रामायण सर्किट परियोजना अन्तर्गत रामायणमा उल्लेखित स्थलहरूलाई आपसमा जोड्ने, धार्मिक पर्यटकहरूको लागि धार्मिक यात्रा मार्गको व्यवस्था गर्दै जनकपुरधामदेखि भारतको अयोध्या, चित्रकूट, प्रयागराज, र अन्य धार्मिक स्थलहरू समेटिएको छ ।

प्राचीन मिथिला अहिले दुई देशमा विभाजित भए पनि मिथिलाको सामाजिक, धार्मिक, सांस्कृतिक सम्बन्ध जिवन्त नै छ। प्राचीनकालको मिथिला अहिले नेपालको जनकपुरधाम र भारतको बिहारमा विभाजित छ । यस क्षेत्रमा मिथिला हस्तकला निकै महत्वपूर्ण संस्कृतिको रूपमा रहेको छ । यहाँको मिथिला कलाको प्रदर्शन र कार्यशालाहरू दुवै देशमा आयोजना गरेर मिथिला सांस्कृतिक आदानप्रदानलाई संरक्षण, संवर्द्धनसंगसंगै प्रोत्साहन गर्ने काम हुँदै आएको छ ।

जनकपुरधाम र भारतको सीमावर्ती क्षेत्रमा अवस्थित धार्मिक स्थलहरू जोड्ने सडक मार्गहरूको स्तरोन्नति र नयाँ मार्गहरूको निर्माण गरेर यात्रालाई सहज बनाउने काम पनि जारी नै छ ।

सीमावर्ती क्षेत्रतर्फ भारत सरकारले जटही नाका क्षेत्रतर्फ चार लेनको सडक निर्माण गरेको छ । तर बिहारको मधुवनी जिल्लास्थित पिपरौनदेखि जटही आउने दशगजा क्षेत्रतर्फको बाटो मर्मत तथा विस्तार नहुँदा छोटी भन्सारको रूपमा स्थापना गरिए पनि जटहीको भन्सार नाकाबाट आयात तथा निर्यातमा

---

५ *https://economictimes.indiatimes.com/news/politics-and-nation/pm-modi-inaugurates-direct-bus-service-from-janak-pur-to-ayodhya/articleshow/64131226.cms?from=mdr*

> *धनुषा र यससँग जोडिएका सीमावर्ती क्षेत्रतर्फको द्विपक्षीय सांस्कृतिक सम्बन्धलाई मजबुत बनाउन संयुक्तरूपमा सांस्कृतिक नीति बनाउनुपर्ने आवश्यकता रहेको छ ।*

समेत समस्या उत्पन्न हुने गरेको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले बताए ।

मिथिला सभ्यता सहितको इतिहास, संस्कृति, भाषा, साहित्य, र यहाँको पहिचान समेतको अध्ययन, अन्वेषण एवं अनुसन्धान गर्नका लागि दुई देशका विश्वविद्यालय र अनुसन्धान संस्थाहरूबीच सहकार्य निकै अपरिहार्य रहेको छ ।

धनुषा र यससँग जोडिएका सीमावर्ती क्षेत्रतर्फको द्विपक्षीय सांस्कृतिक सम्बन्धलाई मजबुत बनाउन संयुक्तरूपमा सांस्कृतिक नीति बनाउनुपर्ने आवश्यकता रहेको छ । यसमा सांस्कृतिक सम्पदाको संरक्षण, सांस्कृतिक कार्यक्रमहरूको आयोजना, र पर्यटन प्रवर्द्धनका लागि विशेष पहलहरू लिनुपर्ने आवश्यकता रहेको डा. भोगेन्द्र झा बताउँछन् ।

## सांस्कृतिक कनेक्टिभिटीबाट हुने फाईदा

ऐतिहासिक धार्मिक नगरी जनकपुरधाम रामायण सर्किटसँग जोडिएपछि धार्मिक पर्यटकहरूको संख्या ह्वात्तै बढ्नेछ । जनकपुरधामको जानकी मन्दिर, राम मन्दिर र जनक मन्दिर, संकट मोचन मन्दिरलगायतका धार्मिक स्थलहरूमा पर्यटकहरूको आगमनमा वृद्धिसँगै स्थानीय व्यवसाय र सेवाहरूमा वृद्धि हुने छ । जसबाट यहाँको होटल, रेस्टुरेन्ट, यातायात, टुरिस्ट गाइड र पर्यटकीय स्थलहरूलगायत अन्य सेवाहरू समेतलाई प्रोत्साहन मिल्नेछ । धार्मिक सांस्कृतिक धरोहर जनकपुरधाममा धार्मिक मेला, पर्व, र सांस्कृतिक उत्सवहरूमा सहभागी हुन आउने पर्यटकहरूको संख्या पनि बढ्नेछ । जसबाट स्थानीय व्यवसायहरूले लाभ उठाउन सक्नेछन् ।

मिथिला हस्तकला र स्थानीय उत्पादन, कुटीर उद्योग र कृषि उत्पादनहरूको मागसमेत बढ्ने छ । पर्यटकहरूले स्थानीय उत्पादनहरू किनेर अर्थतन्त्रलाई टेवा पुऱ्याउन सक्ने अनुमान गरिएको छ । यसले गर्दा बाहिरी तथा आन्तरिक व्यापार र लगानीका अवसरहरू बढ्नेछ । जसबाट रोजगारीको सिर्जना हुने छ भने आर्थिक विकासमा उल्लेख्य टेवा पुग्ने अनुमान छ ।

यसबाट यातायात र सञ्चारमा समेत जनकपुरधामले फड्को मार्ने छ । पर्यटन र व्यापारको लागि आवश्यक पूर्वाधार अन्तर्गत सडक, रेल्वे, हवाई सेवा र डिजिटल सञ्चार प्रविधिको विकासले सम्पूर्ण क्षेत्रलाई आर्थिक दृष्टिले सशक्त बनाउन सक्ने सम्भावना रहेको अर्थशास्त्री डा. भोगेन्द्र झाको कथन छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक आदान-प्रदानका कार्यक्रमले स्थानीय समुदायमा शिक्षा र सीपको स्तर वृद्धि गर्न सक्छ । साथै विभिन्न समुदायका मानिसहरूबीचको सम्पर्कले परस्पर सद्भाव, भाईचारा र समझदारीलाई बढावा मिल्नेछ ।

मिथिला कला र संस्कृतिको रूपमा रहेको मिथिला चित्रकला, लोकगीत, र लोकनाच विश्वभर फैलिने छ भने यसबाट मिथिला क्षेत्रको आफ्नो विशिष्ट पहिचान स्थापित हुने छ । यसरी जनकपुरधामलाई सांस्कृतिक कनेक्टिभिटीले जनकपुरधामसहित धनुषाको आर्थिक र सामाजिक विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पार्न सक्नेछ ।

## कनेक्टिभिटीको वर्तमान अवस्था

भारतसँग जनकपुरधामको कनेक्टिभिटी नयाँ आयाममा अघि बढ्दै गइरहेको छ । प्राचीन जनकपुरधामबाट आधुनिक जनकपुरधामसम्म हेर्दा भौतिक पूर्वाधारको अवस्था विगतभन्दा अहिले फराकिलो भएको छ । यहाँको केहि धार्मिक ऐतिहासिक पौराणिक तालतलैयाहरू सौन्दर्यकरण गरिएको छ । जनकपुरधाममा ५२ कुटी र ७२ कुण्ड रहेको इतिहास छ[6] । तर राज्य र

6. *https://netizennepal.com/content/11145*

*जनकपुरधामसँग जोडिएका विभिन्न सडकहरू निर्माणाधिन अवस्थामा छन् । बिजलपुरा-कुर्था-जनकपुरधाम-जयनगर रेल्वे सेवा पुनः विस्तारसँगै सुरु भएको छ । सो क्षेत्रका वासिन्दालाई रेल्वे सेवाले यात्रा सहज बनाएको छ भने दुवै देशका आमजनको आवतजावतले सम्बन्ध थप सदृढ समेत भएको छ ।*

स्थानीयवासीको मौनताका कारण अनेकन कुटी र कुण्डहरू लोप हुने क्रममा छन् । विगतमा भनिएको ५२ कुटी ७२ कुण्ड अहिले संख्यात्मक रूपमा न्युन भएको गुठी संस्था जनकपुरधामले स्वीकार गरे पनि यसको खोज कार्यका लागि भने कसैले कतैबाट पहल गरिरहेको छैन ।

जनकपुरधामसँग जोडिएका विभिन्न सडकहरू निर्माणाधीन अवस्थामा छन् । बिजलपुरा-कुर्था-जनकपुरधाम-जयनगर रेल्वे सेवा पुनः विस्तारसँगै सुरू भएको छ । सो क्षेत्रका वासिन्दालाई रेल्वे सेवाले यात्रा सहज बनाएको छ भने दुवै देशका आमजनको आवतजावतले सम्बन्ध थप सदृढ समेत भएको छ ।

जनकपुरधामसहित धनुषाको आर्थिक स्रोत न्यून रहँदा यहाँको आवश्यक पूर्वाधार विकासका लागि आर्थिक अभाव रहने गर्छ । हुलाकी सडक निर्माणसमेत अझैसम्म सम्पन्न नहुनु र निर्माण भएको हुलाकी सडक पनि गुणस्तरहीन भएकै कारण निर्माण भएको केही वर्षमै कलोपत्रे सडक उप्किएको छ भने सडकसमेत भाँसिएको कमला नगरपालिकाका स्थानीय मनोज कुमार अधिकारीले बताए । धनुषा जिल्लामा हुलाकी राजमार्ग जनकपुरधामदेखि कमला पुलसम्म २७ किलोमिटर पर्छ । यो कमला पुल निर्माण भएपछि धनुषा, सिरहा र सप्तरीसम्म आवतजावतमा निकै सहज हुन्छ भने डेढ घण्टामा जनकपुरधामदेखि राजविराजसम्म पुग्न सकिन्छ । त्यस्तै यो सडक मधेशको लाइफलाइन भएकोले हुलाकी सडक र कमला पुल संचालनमा आएमा भारतको सीमावर्ती क्षेत्र दुवै तर्फ व्यापार र व्यवसायले फड्को मार्ने छ ।

यहाँको विकास निर्माणमा ब्यूरोक्रेसी र प्रशासनिक अवरोध पनि देखिने गरेको छ । राज्यको नीति र सोको कार्यान्वयनमा ढिलासुस्ती, असक्षम प्रशासनिक प्रणालीले प्रगति अवरोध हुने गरेको एक निर्माण व्यवसायीको आरोप छ । नाम उल्लेख नगर्ने शर्तमा एक निर्माण व्यवसायीले भने, 'यहाँ कर्मचारी, ईन्जिनीयर र केही स्थानीय ठुला नेताहरूलाई कमिसन बुझाउदैमा सडक निर्माणको लागि रहेको बजेट सकिने अवस्था हुन्छ, कर्मचारीलाई पर्सनल कमिसन नदिएमा रकम भुक्तानी नै नगरिदिने अवस्था भए पछि हामीले कस्तो खाले विकास निर्माणको काम गर्ने ?

**अब के गर्ने ?**

*जानकी मन्दिरलाई विश्व सम्पदाको सूचीमा सूचीकृत गर्नका लागि पहलकदमी सहित यसका विभिन्न पूर्वाधारका लागि पनि तम्तयार भई अघि बढ्नुपर्ने देखिन्छ ।*

जनकपुरधाम क्षेत्र धार्मिक नगरी रहेको हुनाले यहाँ आउने पर्यटक तथा तिर्थालु भक्तजनहरूलाई कसरी धनुषासहित विभिन्न धार्मिक गन्तव्यमा केही दिनसम्म राख्न सकिन्छ भन्नेतर्फ गम्भीर हुनुपर्ने आवश्यकता छ ।

धार्मिक नगरी जनकपुरधामको जानकी मन्दिरमाथि सबैको आस्था रहेकाले यहाँको मौलिकता सहितको चिनोको रूपमा सिन्दुर टिकुली र अन्य स्थानीय प्रसाद समेतको प्रचारप्रसार सहित नमूना जनकपुरधाम बनाउनका लागि नेतृत्वतहमा इच्छाशक्ति हुनुपर्ने देखिन्छ ।

जानकी मन्दिरलाई विश्वसम्पदाको सूचीकृत गराउने अभियान विगत लामो समयदेखि भोर नामक संस्थाले चलाउँदै आएको थियो । त्यसपछि स्थानीयस्तरमा केही

युवाहरूले पनि मन्दिरलाई विश्वसम्पदाको सूचीमा लैजानुपर्ने आवाज उठाए पनि यसका लागि भने कुनै किसिमको थप प्रगति हुनसकेको छैन । जानकी मन्दिरलाई विश्व सम्पदाको सूचीमा सूचीकृत गर्नका लागि पहलकदमी सहित यसका विभिन्न पूर्वाधारका लागि पनि तम्तयार भई अघि बढ्नुपर्ने देखिन्छ ।

जनकपुरधाम उपमहानगरपालिकाले आफ्नो तर्फबाट भारतको उत्तर प्रदेश प्रान्तसँग रामको जन्मभूमि अयोध्यासँग सम्बन्ध जोड्नका लागि अयोध्यामा राम मन्दिरको स्थापनाका क्रममा जानकी मन्दिरसँग समन्वय र सहकार्य गरी भारसहितको उपहार पठाएको थियो । त्यस्तै रामायण सर्किटका लागि पनि पहल गर्ने काम स्थानीय स्तरबाट गरिएको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले जानकारी दिए ।

उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधाम आएको बेला धार्मिक स्थलको विकासका लागि एक अर्ब भारू दिने प्रतिवद्धता अनुसार सो रकम उपलब्धताका लागि भारतीय राजदूतावासदेखि भारतीय सरकारसम्म विभिन्न निकाय तथा माध्यमबाट प्रयास जारी रहेको बताए । त्यस्तै तत्कालीन भारतीय राष्ट्रपति प्रवण मुखर्जीसमेत जनकपुरधाम आएको बेला जनकपुरधाम क्षेत्रमा धर्मशाला लगायत निर्माण कार्यका लागि बजेट दिने बताइएको थियो । सोको समेत संघीय सरकारसँग पहल थालेको उनले बताए ।

## About CESIF

CESIF Nepal is a not-for profit, autonomous and independent private research think tank serving in the public interest, with significant independence from any interest groups and autonomy from government. Our mission is to help the government and the society create a democratic, secure and just society by making informed and transparent decisions about policies and practices.

CESIF
Centre for Social Innovation
and Foreign Policy


**Centre for Social Innovation and Foreign Policy (CESIF)**

**Kumaripati, Lalitpur, Nepal**

info@cesifnepal.org www.cesifnepal.org @CsifNepal

Centre for Social Innovation and Foreign Policy (CESIF) Centre for Social Innovation and Foreign Policy (CESIF)